**नेपाल सरकार**

## ऊर्जा मन्त्रालय

## प्रतिस्पर्धाको आधारमा प्रस्ताव आव्हान भएका जलविद्युत आयोजना सम्बन्धी प्रेस विज्ञप्ति

मितिः २०६७।०३।२५

नेपाल सरकारबाट अध्ययन भएका एवं निजी क्षेत्रबाट अध्ययन भई नेपाल सरकारको स्वामित्वमा रहेका विभिन्न आठ जलविद्युत आयोजनाहरु नेपाल सरकारको निर्णयानुसार प्रतिस्पर्धा गराई BOOT (Build, Own, Operate and Transfer) सिद्धान्तको आधारमा निजी क्षेत्रबाट विकास गर्न मिति २०६६/०४/१९ मा सार्वजनिक प्रस्ताव आव्हान गरिएको थियो । सो अनुसार विभिन्न ३४ वटा सम्भाव्य लगानीकर्ताहरुबाट ६६ वटा RFP (Request for Proposal) document खरिद भएको थियो । जसमध्ये ६ वटा जलविद्युत आयोजनाहरुको लागि २० वटा प्राप्त प्रस्तावहरुको प्रारम्भिक एवं प्राविधिक मूल्यांङ्कनबाट छनौट भएका ११ वटा प्रस्तावहरु आर्थिक मूल्याङ्कनमा समावेश गरिएको थियो ।

नेपाल सरकारलाई सबैभन्दा बढी एकमुष्ठ अग्रिम राजश्व (Upfront Charge) दिन प्रस्ताव पेश गर्ने प्रस्तावकलाई उल्लेखित आयोजना विकास गर्न दिने प्रावधान रहेको थियो । सो प्रावधान अनुसार ६ वटा जलविद्युत आयोजनाहरुको प्रवर्धकहरुबाट जम्मा ४५,००,११,१५२/- (पैंतालिस करोड एघार हजार एक सय बाउन्न) नेपाल सरकारलाई प्राप्त भएको छ । यी आयोजनाहरुको अनुमानित विद्युत उत्पादन क्षमता ९१.३४ मेगावाट र सरदर वार्षिक विद्युत उत्पादन क्षमता ६४२.०९ गेगावाट आवर हुनेछ ।

RFP र प्रचलित ऐन नियम बमोजिम निम्न प्रवर्धकहरुले निम्न नयाँ कम्पनीहरु स्थापना गरी सर्वेक्षण अनुमतिपत्रको आवेदन दिएका थिए ।

| सि.नं. | आयोजना/ क्षमता | प्रतिस्पर्धी प्रवर्धक कम्पनी | नयाँ कम्पनी |
|---|---|---|---|
| १ | सोलु/ १५.२४ मे.वा. | जे.भि. आइ.सि.टि.सि. इनर्जी | अप्पर सोलु हाइड्रो इलेक्ट्रिक कम्पनी प्रा. लि. |
| २ | माया/ ५ मे.वा. | वानेश्वर हाइड्रोपावर प्रा.लि., लुम्विनी विल्डर्स प्रा.लि., पशुपति इनर्जी डेभिलपमेन्ट कम्पनी प्रा.लि. को संयुक्त उपक्रम | माया खोला हाइड्रोपावर कम्पनी प्रा. लि. |
| ३ | सिङ्गटी/ ६.४० मे.वा. | आंखुखोला जलविद्युत कम्पनी | सिंगटी हाइड्रो इनर्जी प्रा. लि. |
| ४ | खारे/ १४.७ मे.वा. | लामा एक्सेलिङ्ग साहिवा पि.एस.को संयुक्त उपक्रम | कन्सोर्सियम पावर डेभलपर्स प्रा. लि., |

| | | | |
|---|---|---|---|
| ५ | **मेवा**/ १० मे.वा. | युनाइटेड बिल्डर्स एण्ड इन्जिनियर्स प्रा.लि. | युनाइटेड मेवा खोला हाइड्रोपावर प्रा. लि. |
| ६ | तल्लो सोलु /४० मे.वा. | क्लिन डेभलपर्स प्रा.लि.को संयुक्त उपक्रम | एस्सेल क्लिन सोलु हाइड्रोपावर प्रा. लि. |

सोलु, माया र सिंगटी जलविद्युत आयोजनाहरुको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र मिति २०६७/०३/१६ मा ती आयोजनाहरुका प्रवर्धकहरुलाई प्रदान गरिएको थियो । त्यस्तै खारे, मेवा र तल्लो सोलु जलविद्युत आयोजनाहरुको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र आज मिति २०६७/०३/२५ ती आयोजनाहरुका प्रवर्धकहरुलाई प्रदान गरियो ।

प्रथम चरणमा प्रबर्द्धकहरुले नेपाल सरकारले तयार गरेको आयोजनाहरुको संभाव्यता तथा वातावरणीय अध्ययन प्रतिवेदनलाई एक वर्षको समयावधिमा अद्यावधिक गर्ने र सोही समय भित्रै आयोजना निर्माणको लागि आवश्यक वित्तिय व्यवस्थाको प्रवन्धको लागि वित्तिय संस्था वा संस्थाहरुको प्रतिवद्धतापत्र (Letter of Commitment with detailed breakdown of the investment) एवं नेपाल विद्युत प्राधिकरणसंग Power Purchage Agreement (PPA) विद्युत खरिद विक्रीको सम्झौता प्रबर्धकहरुबाट गरिनु पर्ने व्यवस्था गरिएको छ । तत्पश्चात् विद्युत उत्पादनको अनुमतिपत्र प्राप्त गरी आयोजनाको निर्माण एवं संचालन गर्नु पर्नेछ । ३५ वर्षको विद्युत उत्पादन अनुमतिपत्रको अवधि पश्चात् प्रबर्द्धकहरुले उल्लेखित आयोजनाहरु निशुल्क नेपाल सरकारलाई चालु हालतमा हस्तान्तरण गर्नुपर्ने व्यवस्था गरिएको छ ।

**(अनुप कुमार उपाध्याय)**
सहसचिव एवम् प्रवक्ता